ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक २९३
१० साउन २०८० बुधबार
26 Jul. 2023, Wednsday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## १२ वर्षदेखि निर्माणाधीन कमलाको पुल अझै कहिले बन्ने हो ?



**खबर दर्पण समाचारदाता**

**साउन ९ गते, जनकपुर**
वारि सिरहाको सदरमुकाम, पारि धनुषाको कमला नगरपालिका । वारिपट्टि घर, पारिपट्टि खेती जग्गा । वारिका नातेदार पारि, पारिका नातेदार वारि । बीचमा कमला नदी ।

भौगोलिकरूपमा कुनै विकट, दूर दराज वा पिछडिएको क्षेत्र होइन । सुगम स्थान मानिने तराई मधेसको ‘लाइफ लाइन’का रूपमा हेरिएको हुलाकी लोकमार्ग । अझ भनौं, मधेुस प्रदेशको राजधानी जनकपुर धामसँग जोड्ने छोटो दूरीको र ाष्ट्रिय गौरवको आयोजना ।

झन् उदेकलाग्दो कुरा त १२ वर्षदेखि निर्माणाधीन कमलाको पुल अझै कहिले बन्ने हो कुनै अत्तोपत्तो छैन ।

बर्खायाममा नदी वारिपारिका दुवै जिल्लाका स्थानीयलाई नातेदारसँग भेटघाट गर्न र आफूले गरेको खेतीपातीको गोडमेल तथा रेखदेख गर्नका लागि आवतजावत गर्न जुगौंदेखि सास्ती खेपिरहनुपरेको छ ।

हुलाकी लोकमार्गअन्तर्गत सिराहाको बसपिट्टा र धनुषाको साघारासम्म एक किलोमिटरसम्म कमला नदी फैलिएको छ । नदीमा पुल समयमा नबन्दा सिरहा र धनुषाका कैयौं गाउँका जनता समस्यामा छन् । स्थानीयवासीहरूलाई आवतजावत गर्नलाई कि त पूर्वपश्चिम महेन्द्र राजमार्ग मिर्चैया–कर्जना भएर वा सीमावर्ती भारतीय बजार जयनगर पुगेर करिब दुई घन्टा लामो यात्रा गर्नुपर्छ कि नदीमा जोखिमपूर्ण डुङ्गा यात्रा गर्नुपर्छ । त्यो पनि त्यति सहज छैन ।

यही समस्यालाई सम्बोधन गर्न सिरहा नगरपालिकाले अस्थायी प्रकृतिको बाँसको टेका लगाएर काठको पुल बनाएको छ । उक्त पुल आइतबारबाट सञ्चालनमा आएको पनि छ । उक्त पुलमा अब मोटरसाइकल तथा पैदलयात्री निःशुल्क यात्रा गर्न सक्नेछन् । तर उक्त काठको पुलले यो बर्खायाम धान्नेमा शङ्का व्यक्त गर्छन् स्थानीय मोहनकुमार दास । “लामो समयदेखि निर्माणाधीन पक्की पुल नबन्दा यहाँका जनताले सास्ती खेप्नुपरेको हो । काठको यति सामान्य पुल बन्दा पनि खुसी व्यक्त गर्नुपर्ने अवस्था छ । जसोतसो कामचलाउ काठको पुल त बन्यो तर कहिलेसम्मलाई हो भन्न सकिँदैन”, उहाँ भन्नुहुन्छ, “नदीमा अलि ठूलो बाढी आयो भने यो बनेको पुल पनि बगाएर लैजान्छ । फेरि समस्या उस्ताको उस्तै ।”

सिरहा नगरपालिकासँग समन्वय गरी काठको पुल बनाउनका लागि पहल गर्नुहुने स्थानीय युवा रामचन्द्र यादव भन्नुहुन्छ, “स्थानीय बासिन्दा र यस हुलाकी लोकमार्गमा आवतजावत गर्ने यात्रीलाई बर्खामास नदीमा बाढी आई कठिनाइ हुने भएकाले आवतजावत गर्नलाई सहज होस् भनी नगर पालिकासँग पहल गरिएको हो । यसमा नगरपालिकाले पनि सकर ात्मकरूपमा लिएर पुल बनाउने काम गरेको छ, जुन सराहनीय छ । यसले गर्दा यात्रुको समयको बचत तथा दूरीलाई छोटो बनाएको छ । दैनिक दुई सयभन्दा बढी मोटर साइकल तथा हजारौं पैदलयात्रीलाई सहज भएको छ ।”

नदी पारिपट्टि आफ्नो खेतीपातीको हेरचाहमा जानलाइअब तत्काललाई भए पनि समस्या टरेको छ सुभकान्त यादवलाई । सिरहा नगरपालिका-६ स्थायी घर भएका उहाँलाई नदी वारपार गर्न मात्र सहज भएको छैन, कृषि उपजलाई बजारसम्म लैजान पनि सहज भएको छ । “खेतीपाती गर्नका लागि नदीबाट जोखिमपूर्ण यात्रा गर्न बाध्य थियौं । काठकै अस्थायी पुल भए पनि हामीलाई सहज भएको छ”, उहाँले खुसीको भाव व्यक्त गर्दै भन्नुभयो, “अब पारिपट्टिको खेतबारीमै तरकारी तथा बालीनाली सडेर नजाने भयो ।”

बाँसको पुल बनिसकेपछि सिरहा चोहर्वाका मोहम्मद साहिबलाई त्यही बाटो हुँदै धनुषाको कमला-४ स्थित ससुराली घर जानका लागि सहज भएको छ । उहाँले खुसी हुँदै भन्नुभयो, “पूर्वपश्चिम महेन्द्र राजमार्ग मिर्चैया–कर्जना भएर जानुपरेको भए मलाई दुई घन्टा बढी लाग्ने थियो । यही काठकै पुल भए पनि ठूलो राहत मिल्यो”, त्यस्तै आफ्ना सात वर्षीय र नौ वर्षीय बच्चा लिएर सिरहा सदर मुकामबाट धनुषाको कमला -९ स्थित माइतीघर हिँड्नुभएकी मनिषा मण्डलले हर्षित हुँदै भन्नुभयो, “बालबच्चा लिएर नदी पार गर्न निकै कठिन थियो । अब ढुक्कसँग माइत पुग्न सकिने भयो । उता ९माइती०बाट पनि कुनै चिन्ता लिने कुरा भएन ।”

हुलाकी सडकअन्तर्गत धनुषा-सिरहा जोड्ने कमला पुल निर्माण सम्झौता भएको १२ वर्षपछि सञ्चालन नहुँदै डेढ वर्षअघि भासिएको थियो । विसं २०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने

*बाँकी पृष्ठ ३ मा*

## चापाकलहरु सुक्न थालेपछि पम्प सेट सञ्चालनमा रोक



**अजय झा**

**साउन ९ गते, जनकपुर**
लामो समयसम्म पानी नपरेका कारण चापाकलहरु सुक्न थालेपछि नेपाल भारतको सीमावर्ती गाउँहरूमा खेतीका लागि पम्प सेट सञ्चालनमा रोक लगाइएको छ ।

अहिले खेती भन्दा पनि मान्छेलाई बाँच्नका लागि खानेपानी आवश्यक रहेकाले भएको चापाकल सुक्न नदिनका लागि त्यसो गरिएको महोत्तरीका सञ्चारकर्मी बब्लु चौधरीले जानकारी दिनुभयो । कसैले जानकारी नदिई दमकल चलाएको पाइए आर्थिक रुपमा दण्डित गर्ने निर्णय भएको चौधरीले बताउनुभयो ।

चापाकल सुकेपछि धनुषाको ललिया, कजरा रमौल, हठीपुर, मङ्गलपुर सहितका गाउँमा ट्याङ्करबाट खानेपानीको आपूर्ति भइरहेको हंसपुर नगरपालिका ६ का भुल्ला रायले जानकारी दिनुभयो ।

गाउँमा किसानहरुले पानीको अभावमा खेती गर्न पाएका छैनन् । खेतहरूमा धुलो उडिरहेको छ ।

यसैगरी, भारतको विहार क्षेत्रमा पनि पम्प सेट प्रयोग गरेर खेतमा सिँचाइ गर्न रोक लगाएको छ । कसैले प्रयोग गरेको पाइए ३० देखि ४० हजार जरिवाना गर्ने जनाइएको छ ।

## सिमाक्षेत्र नजिक पुरुषको शव फेला

भारतीय सीमो क्षेत्र नजिक सर्लाहीको मलंगवामा एक पुरुषको शव फेला परेको छ ।

मलंगवा नगरपालिका १ भेडियाही स्थित लडकवा नाका नजिक दशगजा नजिक नेपालतर्फ २५ देखि ३० वर्षजस्तो देखिने पुरुषको शव फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नरेश राज सुवेदीले जानकारी दिए।

मंगलबार दिउँसो सुनसान धानखेतमा गाउँलेले शव देखेपछि प्रहरीमा खबर गरेपछि घटना बाहिर आएको हो ।

रगतको टाटा लागेको र धानहरु माडिएको हेर्दा मृतकलाई भारततर्फ हत्या गरेर घिसार्दै दशगजा कटाउँदै नेपालतर्फ फालिएको देखिएको प्रहरी उपरीक्षक सुबेदीले भने ।

शवको पहिचानका लागि भारतीय सुरक्षानिकायसँग सम्पर्कको प्रयास भईरहेको प्रहरी उपरीक्षक सुबेदीले जानकारी दिए ।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)
सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ञदीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय ..............

# भगवानको भरोसामा कृषि कर्म

माथि एक सय करोड मूल्य बराबरको एक क्वीन्टल सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलबाट नेपाल भित्रिन्छ तल एक सय भन्दा अधिक मूल्य बराबरको तरकारी र अनाज नेपाल ल्याउँदा भंसार बुझाउनुपर्ने नियम लगाइएको छ । खानेपानीको मुख्य स्रोत चापाकल सुक्दै छन् । तर दुर्भाग्य यो समाचारको विषय बन्न सकेको छैन । जनता हैरान छन् ।

परेसान छन् । असार १५ गते धुमधामका साथ धान रोपाइँ दिवस मनाइयो । मन्त्री जन्त्रीदेखि जनप्रतिनिधिहरु सहभागी भए । देशी विदेशी पाहुनाहरु पनि रमाए । फोटो खिचाए । भिडियो बनाए । च्यूरा,दही र आँपको भोज पनि खाए । सबै घर फर्के । आफ्नो दैनिकीमा मस्त भए । यसरी हिलो माटोमा रमाएका ती महानुभावहरुलाई थाहा छ कि छैन-श्रावणको पहिलो सातासम्म धनुषामा २० प्रतिशत खेतमा मात्र धान रोपाइँ हुन सकेको छ । जेनतेन प्रकारणेन रोपिएको खेतको धान पनि सुक्नथालेको छ । श्रम तथा पुँजी दुबै जोखिममा छ । कमला नदीको पानीले भारतमा सिँचाइ हुँदै छ तर नेपालको नहरमा पानी छैन ।

सिंचित भनिएका पूर्वी धनुषा र पश्चिमी सिरहाका किसानहरु पनि सुख्खाको मारमा छन् । श्रावणमा पनि चापाकलमा पानी आउँदैनन् । खानेपानीको अभाव हुन थालेको छ । भू-जलबाट खानेपानीको जोहो गर्ने कि खेतमा सिँचाइ गर्न ? यक्ष प्रश्न बनेर खडा भएको छ । पढ्दा र सुन्दा सामान्य लाग्ने यो विषयको गाम्भीरता सहजै बुझ्न सकिन्न । जमिनमुनिको पानीको सतह अर्थात् वाटर लेभल यसै प्रकार तल झर्दै जाने हो भन्ने आगामी केही दशकमै तराई-मधेश मरुभूमि बन्ने वातावरणविदहरुले भन्न थालेका छन् ।

तराई-मधेश मरुभूमि बनेपछि हिमाली क्षेत्रमा जम्मा भएको वर्फ पनि पग्लिने छ । अर्को शब्दमा भनौ भने चुरेको विनास लीला रोकिएन भने सिंगै मुलुक मरुभूमि बन्ने छ । नेपाल दुनियाकै दोश्रो ठूलो जल सम्पदा भएको मुलुक हो । जलको अथाह भण्डार भएको मुलुकमा खानेपानीको अभाव हुनु अथवा सिँचाइको लागि पानी अपुग हुनुमा प्रकृतिलाई दोष दिन्न सकिन्न । दोष हाम्रा नीति निर्माताहरुकै हो । जसले चुरेको महत्व बुझ्न सकेनन् । जसले भू-जलको संरक्षण सम्बर्द्धन गर्न जानेनन् । मधेशमा खानेपानीको अभाव हुन सक्छ भन्ने अटकलसम्म गर्न सकेनन् । मुलुक संघीय संरचनामा गएको छ । तीन तहको सरकार छ । तीनै तहका सरकारसंग पर्याप्त बजेट छ अनि नीति नियम बनाउने अधिकार पनि छ ।

# दलितमाथिको विभेद कायमै

डा. राधिका बुढथापा

अठारौँ शताब्दीका एक महान् दार्शनिक जिन ज्याक रुसोले भनेका छन् 'मानिस स्वतन्त्र जन्मिन्छ तर साङ्लाले बाँधिन्छ ।' हो, हाम्रो समाजमा पनि यस्ता कैयौँ सामाजिक साङ्ला छन्, जसले हामी सबैलाई कुनै न कुनै किसिमले बाँधेका छन् । जात, भात, छुवाछुत, तल्लो, माथिल्लो जात, पानी चल्ने नचल्ने, यस्ता कैयौँ साङ्ला छन्, जसबाट कम, बेसी हामी सबै बाँधिएका छौँ । फलस्वरूप, शताब्दीयौँदेखि क्षेत्रीको घरमा जन्मनासाथ त्यो बच्चा क्षेत्री हुने, ब्राह्मणको घरमा जन्मनेबित्तिकै त्यो बच्चा ब्राह्मण हुने, दलितको घरमा जन्मनासाथ त्यो बच्चा दलित बन्ने र त्यस अबोध बच्चालाई समेत माथिल्लो जातले छोइछिटो गर्नुपर्ने, हाम्रो देशमा कैयौँ यस्ता अनौठा संस्कार चल्दै आएका छन् ।

मोहन वैद्य 'किरण' (२०६७)का अनुसार मानिस मानिसबिच विभेदको रेखा कोर्ने जातको यो अवधारणा सर्वप्रथम हिमाली उपमहाद्वीपबाट विकसित भएको थियो ।

यो अवधारणा सामन्तवादी समाज र ब्राह्मण धर्मको उपज हो । यो धार्मिक विभेद र सामाजिक श्रम विभाजनसँग सम्बन्धित छ । यही प्रसङ्गमा जागरण मिडिया सेन्टर मा पिताम्बर शर्माले "हिन्दु वर्णव्यवस्थाले ठाडो सामाजिक विभेदको एउटा आतताई परिपाटी नै संस्थागत गऱ्यो । यो वर्णव्यवस्थाले विभिन्न जातीय समूहलाई ठाडो श्रेणीमा वर्गीकृत मात्र गरेन, यसलाई समाजका खास वर्गको स्वार्थपूर्तिको बलियो माध्यम पनि बनायो" भन्नुभएको छ । हाम्रो देशको दलित वर्ग यही वर्ण विभाजनको चक्कीभित्र सयौँ वर्षबाट पिल्सिँदै आएको छ ।

दलित वर्ग भन्नाले के बुझिन्छ त ? नेपाली बृहत् शब्दकोश (२०७७) मा दलित वर्ग भन्नाले 'समाजमा हक, इज्जत र प्रतिष्ठा समान रूपले पाउन नसकेको जाति वा समूह, सामाजिक व्यवस्थाको असमानताले शोषिएको वा पछि परेको जनसमुदाय' भनेर परिभाषित गरेको छ । सन् १८५४ को मुलुकी ऐनमार्फत जङ्गबहादुर राणाले नेपालमा जात-जात बिचको यो विभेदलाई कानुनी वैधता दिएर व्यवहारमा लागु गरेका थिए । यही कानुनी वैधताले नै मान्छे मान्छेबिच 'चोखो' र 'बिटुलो', 'शुद्ध' र 'अशुद्ध', 'छुत' र 'अछुत'को कर्मकाण्डी आधारबमोजिम जात/जातिलाई विभेद गर्ने आधार बसाल्यो ।

शक्तिका आधारमा समाजले जातजाति कसैलाई तागाधारी (जनै लगाउने) र कसैलाई मतवाली ( जनै नलगाउने) गरी दुई समूहमा विभक्त गऱ्यो । फेरि मतवाली समूहभित्र पनि कोही पानी चल्ने र कमारा तुल्याउन नहुने तर कोही पानी नचल्ने र कमारा तुल्याउन हुने उपसमूहमा थप विभाजन गऱ्यो । सम्भवत: यसकै आधारमा होला, हाम्रो गाउँघरमा केही वर्ष अघिसम्म हाम्रा आफ्नै खेत जोत्ने हली, कुटो कोदालो, हँसिया बनाउने, भुत्तेको औजारलाई धार लगाउने कामी, गरगहना बनाउने सुनार, लुगा सिलाउने दमाई, जुत्ता बनाउने सार्की हुन्थे । सबै कथित उपल्लो जातका परिवारका आआफ्नै यी जातिका मानिस हुने गर्थे । आवश्यकता अनुसार यिनीहरूले माथिल्ला जातलाई सेवा दिइराखेका हुन्थे । यसबापत यी परिवारले आफ्नो मालिकबाट खलोको रूपमा केही अन्नपात पाउँथे ।

सेवा पुऱ्याउनुपर्ने मालिक उदार भएको अवस्थामा उनीहरूको गुजाराका लागि भनेर अलि टाढाको एउटा सानो खेत वा बारीको टुक्रा कमाई गरिखानका लागि दिइन्थ्यो । यस्ता सेवाकर्मीका बस्ती माथिल्लो जातको बस्तीबाट नजिकै हुन्थे । एउटा राम्रो पक्ष के थियो भने त्यो बेलामा पनि दलितलाई उमेर अनुसारको साइनो (कसैलाई ठुलो बुबा, कसैलाई दाइ, काका, मामा, दिदी, फुपू, काकी, भाउजू आदि) लगाएर सम्मानपूर्वक बोलाउने गरिन्थ्यो । यो सम्मान उनीहरूलाई फुर्क्याउनका लागि थियो कि उनीहरूमा भएको सिपका कारणले थियो, त्यो अहिलेसम्म पनि भेउ पाउन सकिएको छैन । घर बनाउने, हलो जोत्ने, लुगा सिउने खेतीपातीको काम गर्नेलगायत सबै काम दलित समुदायबाट नै हुन्थ्यो ।

नेपालमा दलित समूहको कुल जनसङ्ख्या १५ देखि २० प्रतिशतसम्म रहेको मानिन्छ । राष्ट्रिय रूपमा गरिबीको तथ्याङ्क करिब २२ प्रतिशत रहेको अवस्थामा ४२ प्रतिशतभन्दा माथि दलितको जनसङ्ख्या गरिबीको रेखामुनि रहेको तथ्याङ्कले देखाउँछ (अन्तर्राष्ट्रिय दलित ऐक्यबद्धता समूह २०१८) । दलित समूहलाई अछुतका रूपमा व्यवहार गर्न कानुनले पूर्ण रूपले प्रतिबन्ध लगाउन थालेको वर्षौं भइसकेको भए पनि गहिरोसँग जरा गाडेर बसेको जातीय प्रथाका कारण दलित समुदाय अहिले पनि छुवाछुतको विभेदबाट उम्कन सकेको छैन । यस्तै नीतिका कारण माथिल्लो जातिको तुलनामा दलितसँग कृषि कर्मका लागि आफ्नै जग्गा पनि कम छ । शिक्षित व्यक्तिको दर पनि न्यून छ । यो विभेद अन्त्य गर्नसरकारी, गैरसरकारी तवरबाट विभिन्न प्रयास गरिएको भनिए पनि अध्ययनले यस समस्याको प्रभावकारी हल निस्केको पाइँदैन ।

हाम्रो देशको जनसङ्ख्याको ठुलो हिस्सा ओगट्ने दलितको अवस्थाको सुधारबिना समग्र देशको विकास असम्भव छ । नेपालको संविधान २०७२ ले पनि 'कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन' भन्ने उल्लेख गरेको छ । दलित समुदायको समस्या समाधानका लागि थुप्रै कानुन बनेका छन् । यी कानुन जीवित छन् कि निर्जीव, सक्रिय छन् कि निष्क्रिय, व्यवहारको कसीमा हेर्दा छुट्याउनै कठिन छ । विद्यमान कानुनलाई व्यवहारमा खरो रूपमा उतार्न नसकेकैले जुम्लाको तातोपानी ४, गिडीखोला गाउँमा हालसालै मुकुन्द नेपाली नाम गरेका एक जना दलित युवाले गैरदलित थरकी युवतीसँग प्रेम विवाह गरेकै कारण केटी पक्षबाट उनको घर जलाइनु, रुकुम पश्चिममा केही वर्षअगाडि मात्र नवराज विकलगायत उनका साथी छ जना युवाको निर्ममतापूर्वक हत्या हुनु, दलित भएकै कारण कति जनाले काठमाडौँमै समेत डेरा नपाउनु, यसका ज्वलन्त उदाहरण हुन् ।

हो, पारिवारिक समस्या र सामाजिक समस्या कथित उपल्लो जातमा मात्र होइन दलितमा पनि छ । मेरो गाउँमा दलितसँग विवाह गरेर गएकी एक जना क्षेत्री महिलालाई बुहारी भनेर दलित परिवारले स्विकारेका छैनन् । यिनी माथिल्लो जात कि हुन् त्यसैले हामीले हाम्रो जातको बुहारीले गर्ने व्यवहार गरायौँ भने हामीलाई पाप लाग्छ भन्ने मानसिकताले उनीहरूलाई पिरोलिरहेको छ । मानिस मानिसबिचमा जातीयताको पर्खाल ठड्याएर विभेदको शृङ्खला निर्माण गर्नु अमानवीय एवं अवैज्ञानिक कार्य भन्ने प्रमाणित भइसकेको छ । यही प्रसङ्गमा महान् दार्शनिक अरस्तुले भनेका छन्, "समय नै यस्तो अस्त्र हो, जसले हरेक थोकलाई टुक्रा टुक्रा पारिदिन्छ । समयकै कारणमा वस्तुको उदय हुन्छ अनि समयकै अन्तरालमा त्यसको विलय पनि हुन्छ ।" उपल्लो जातको मानिस बिरामी परेर रगत चाहिएमा यो कुन जातको रगत हो भनेर सोधिँदैन ।

हिंसा एउटा सामाजिक समस्या हो । यसलाई कुनै कोणबाट पनि बढ्न दिनु हुँदैन । जिम्मेवार निकायबाट समस्याको सही पहिचान नै त्यसको समाधानको पहिलो र अत्यावश्यक पूर्वसर्त हो ।

लेखक समानताका विषयमा कलम चलाउनुहुन्छ ।

*गोरखापत्रबाट*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# पुल नहुँदा डेढ दशकदेखि चचरीको पुलबाट हिँड्न बाध्य



**खबर दर्पण समाचारदाता**

**साउन ९ गते, सप्तरी**

सप्तरीको हनुमाननगर कङ्कालनी नगरपालिका -१० सखुवास्थित महुली नदीमा पक्की पुल नहुँदा यहाँका स्थानीयहरू डेढ दशकदेखि विकल्पमा चचरीको पुलबाट हिँड्न बाध्य छन्। सखुवा र इनरुवा टोल जोड्ने उक्त महुलीको सानो नदीमा अहिलेसम्म पक्की पुल नबन्दा स्थानीयवासी चचरीबाटै आवतजावत गर्न बाध्य बनेका हुन्।

महुली नदीको मुहान भएर बगेको उक्त सानो नदीले यहाँका स्थानीय किसानको डेढ दशकदेखि धानबाली नोक्सान पुऱ्याउँदै आएको छ भने गहुँ खेतीको सिजनमा सिँचाइको अभाव हुने गरेको छ। बर्खायामको बाढीले बाली नोक्सान प्रत्येक वर्षको समस्या भएकोले यहाँको स्थानीय किसान चिन्तित छन्।

विगत २०३३ सालमा आएको विनाशकारी बाढीले यहाँको खेतीयोग्य जमिनमा नदीको रूपमा परिणत भएको स्थानीय ७५ वर्षीय ज्येष्ठ नागरिक मोलोकमान खाँ बताउनुहुन्छ। उहाँका अनुसार त्यतिबेला नदीको आकार सानै थियो तर अहिले प्रत्येक वर्ष बर्खायाममा कटानले गर्दा नदीको रूपमा विस्तारले गाउँबस्ती नै डुबानमा पर्ने खतरा बढेर गएको हो।

त्यस्तै, अर्का स्थानीय ७० वर्षीय वृद्ध कैलू यादवका अनुसार बर्खायाममा बाटोघाटो कटान भएपछि स्थानीयवासी गाउँमै थुनीने गरेको बताउँछन्। उहाँले स्थानीयलाई अस्पताल, हाटबजार जान नसक्ने बाध्यता छ भने बालबालिका विद्यालय जान नसक्ने समस्या भएको बताउनुभयो। वृद्ध यादवले नदीमा चचरी भरपर्दो नहुँदा ढुङ्गा प्रयोग गर्नुपर्ने बाध्यता छ।

विगत २०६५ सालमा साबिक इनरुवा गाउँ विकास समितिले पुलेसो निर्माण सुरु गरेको स्थानीय केदार मण्डल बताउँछन्। उहाँका अनुसार साढे सात लाख लागतमा निर्माण पुललाई बाढीले बगाइदिएको छ।

कोसी तटबन्ध छेउछाउका दर्जनौँ गाउँका किसान बर्खायाममा महुली मुहानको बाढीको चिन्ता डेढ दशकदेखि भोग्दै आएको छन्। सो सम्बन्धमा हनुमाननगर कङ्कालनी नगरपालिका प्रमुख वीरेन्द्र माझीले चचरीबाट ओहोर दोहोर गर्ने बाध्यता आ.व.२०८०/०८१ म अन्त्य हुने बताउनुहुन्छ। उहाँका अनुसार राष्ट्रिय योजना आयोगले चचरीको विस्थापित गरी पक्की पुल निर्माण गर्न सम्भाव्यता अध्ययन (डीपीआर) बनाइसकेकाले राष्ट्रिय योजना आयोगले करिब ९ करोड रुपियाँमा ६० प्रतिशत सङ्घीय सरकार र ४० प्रतिशत नगरपालिकाको लागतमा निर्माण हुनेछ।

हनुमाननगर-इनरुवा सडकदेखि दक्षिण भारतीय सिमानासम्म खेतीपाती गर्ने यस क्षेत्रका हजारौँ किसान यस नदीको बाढीबाट बर्सेनि प्रभावित भएका छन्। कोशी नदीको पश्चिमी तटबन्धमा सखुवास्थित निकासका लागि सुलिस गेट भएतापनि त्यो अव्यवस्थित रहेको स्थानीयको आरोप छ।

सुलिस गेटबाट पर्याप्त पानी निकासी नहुँदा बस्ती नै डुबानमा पर्ने गरेको हनुमान नगर कङ्कालनी नगरपालिका-११ निवासी श्यामसुन्दर मुखिया बताउनुहुन्छ। बाढीबाट बर्सेनि जनजीवन कष्टकर हुनुका साथै धानबालीमा नोक्सानी पुऱ्याउने गरेको उहाँको भनाइ छ।

करिब दुई सय ५० बिघाभन्दा बढी खेतीयोग्य जग्गा रहेको यस क्षेत्रका किसानको बर्सेनि हुने डुबानको समस्या उस्तै छ। किसानहरू बस्ती र खेतीयोग्य जग्गा जोगाउन स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारसँग हारगुहार गरिरहेका छन्। तर अहिलेसम्म कुनै तहको सरकार गम्भीर हुन सकेको छैन।

नेकपा (माओवादी केन्द्र) बाट सोही नगरपालिका प्रमुख पदका प्रत्याशी रहेका राहुल मण्डल यहाँका किसानको समस्या कुनै तहको सरकारको प्राथमिकतामा पर्न नसकेको गुनासो गर्नुहुन्छ।

तीन तहकै सरकार आपसमा समन्वय गरी यस क्षेत्रका किसानको समस्या समाधान गर्नुपर्ने उहाँ बताउनुहुन्छ।

यस्तै, नदी नियन्त्रण गरेर समस्याको समाधान गर्न तीन तहका सरकारले योजना तयार गर्नुपर्ने स्थानीयहरूको माग छ।

## १२ वर्षदेखि निर्माणाधीन...

सम्झौता भएको थियो, तर पटक-पटक म्याद थपेर करिब १० वर्ष लाग्यो। निर्माण कम्पनीले ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भई उद्घाटनको तयारी गरिरहेकै बेला विसं २०७८ असार र कात्तिकमा आएको बाढीले पुल भासिएपछि पुनःनिर्माणको काम तत्काललाई अनिश्चित भयो।

यही अनिश्चितताका बीच निर्माण कम्पनीले आगामी चैत मसान्तसम्म भासिएको पुल पुनःनिर्माण गर्ने गरी पुनः काम सुरु गरेको थियो तर कमला नदीमा बढेको पानीको बहावका कारण पुनःनिर्माणको काम असार नलाग्दै रोकिएको छ। निर्माण कम्पनीका अनुसार आगामी असोजबाट रोकिएको पुल निर्माणको काम पुनः सुरु हुनेछ। -रासस

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं।

**सबैला नगरपालिका,**

**सबैला, धनुषा**

# नयाँ पार्टीहरु संग समाजिक सञ्जालको हावा बाहेक केहि छैन : आरजु



**खबर दर्पण समाचारदाता**

**साउन ९ गते, जनकपुर**

नेपाली कांग्रेसकी नेतृ प्रतिनिधीसभा सदस्य आरजु राणाले प्रेस युनियन सहित कांग्रेसका युवा दस्तालाई प्रविधी सक्रिय बनाई मिडिया र समाजिक सञ्जालमा पार्टीको गतिविधी बढाउन नेता कार्यकर्ताहरुलाई आग्रह गरेकी छिन्।

पार्टीको मधेश प्रदेश कार्यालय जनकपुरधाममा आयोजित सम्मान कार्यक्रममा सभापती तथा पुर्व प्रधानमन्त्री शेरबहादुर देउवाकी धर्मपत्नी समेत रहेकी राणाले भनिन, '६० कटेका साथीहरु संग सम्भव पनि छैन, त्यसैले प्रेस युनियन र युवा नेता कार्यकर्ताहरुलाई बरु यन्त्रहरु सहयोग गरेरै भएपनि समाजिक सञ्जालमा पहुँच बढाउनु पर्छ।'

राणाले देशमा देखिएका नयाँ पार्टीहरु संग केहि पनि नरहेको त्यै पनि उनीहरु चुनाव जित्दा आफुलाई आश्चर्य लागेको समेत बताईन। राणाले भनिन, 'मलाई त डर पनि लाग्यो कि यो के भइरहेको छ, जनता कता जादैछ ? भनेर।' मर्ने र मार्ने बेलामा पनि देशमा एक मात्र पार्टी कांग्रेस नै रहेको स्मरण गर्दै उनले कांग्रेसको लगानी र योगदान मिडिया र समाजिक सञ्जालमा न्युन आउने गरेको बताइन।

विपक्षी पार्टीहरु मिडिया र समाजिक सञ्जालको कस्तो सदुपयोग र हाम्रो विरुद्व दुरुपयोग पनि गरिरहेको छ भन्दै उनले दुरुपयोगकै परिणाम स्वरुप आफु विरुद्वको अडियो भाइरल गरि मेरो र देउवाजीलाई डिस्टर्व गर्ने काम भएको बताईन।

भुटानी शरनार्थी सम्बन्धित त्यस्ता धेरै अडियोहरु रहेछ तर त्यो एक मात्र अडियो जस्मा मेरो नाम पनि नियोजित रुपमा लिएको रहेछ त्यसलाई प्रोपगण्डा बनाएर र ाजनितिक तनाव दिनका लागि त्यो गरिएको उनको तर्क थियो।

कार्यक्रममा प्रेस युनियन मधेश प्रदेशका ईन्चार्ज अनिल कुमार कर्णले पार्टीमा पत्रकारहरुको योगदान र लागानीको मुल्याङ्कन हुनु नसकिरहेको बताएका थिए भने पार्टी मधेश प्रदेश सभापती कृष्ण प्रसाद यादवले कांग्रेस एक्लै चुनावहरु नलडुन्जेल सम्म संगठन निर्माण असम्भव रहेको बताएका थिए।

यादवले भने, 'माओवादीका नेता आएर म तपाईलाई भोट दिएको हुँ मलाई काम दिनोस भनेर थर्काउछ, वास्तवमा भोट त दिएको हो अनि म के गर्ने आफनो कार्यकतालाई छोडदिने ?' उनको प्रश्न थियो।

सो अवसरमा प्रेस युनियनका नेताहरु अनिल कुमार कर्ण, शैलेन्द्र झा सहितकाले पार्टी मधेश सभापती यादव, उपसभापती सिंह, प्रतिनिधीसभा सदस्य रामहरी खतिवडा, पत्रकार एवं युवा अगुवा विकास ठाकुर राणा सहितका नेताहरुलाई सम्मान गरेका थिए।

कार्यक्रममा पार्टी मधेशका उपसभापती तथा मन्त्री विरेन्द्र प्रसाद सिंह, प्रतिनिधीसभा सदस्य रामहरी खतिवडा, प्रदेश सांसद शेषनारायण यादव, कुमरकान्त झा सहित प्रदेश सांसद, विभिन्न जिल्लाका पार्टी सभापती, पालिकाका मेयरहरु सहित नेता कार्यक्रताहरुको उपस्थिती थियो।



# मिथिला नगरपालिकाको माटोको उर्वराशक्ति कमजोर हुँदै



**विजय साह**

**साउन ९ गते, ढल्केवर**

धनुषाको मिथिला नगर पालिकाभित्रका खेतीयोग्य माटोको उर्वराशक्ति कमजोर बन्दै गएको छ । माटोको परीक्षण गर्दा यो अवस्था देखिएको हो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ मधेश प्रदेशले मिथिला नगरपालिका कृषि शाखाको समन्वयमा शिविर सञ्चालन गरेर माटोको परीक्षण गरेको हो ।

तीन दिनसम्म चलेको उक्त शिविर मा तीन सय ३७ स्थानको माटोको परीक्षण गरिएको छ । माटो परीक्षणको नतिजा अनुसार नगर पालिकाभित्रका खेतीयोग्य ६५ प्रतिशत माटोको उर्वराशक्ति कमजोर अवस्थामा रहेको माटो तथा मल परीक्षण प्रयोगशाला मधेश प्रदेशका प्रमुख सुनिल सिंहले बताउनुभयो ।

“किसानको खेतबारीबाट माटो ल्याएर परीक्षण गर्दा माटोमा अम्लीयपनमा एकरुपता देखिएन । सामान्यता माटोमा पिएचको मात्रा छ दशमलव पाँचदेखि सात दशमलव पाँचसम्मलाई उत्पादनका लागि उपयुक्त मानिन्छ । तर, यहाँ चार दशमलव पाँचदेखि आठ दशमलव पाँच पिएचसम्म देखियो । उल्लेखित मात्राभन्दा तल भए खराब र बढी भए पनि बिग्रिएको मानिन्छ”, उहाँले भन्नुभयो ।

रासायनिक मल तथा विषादीको बढ्दो प्रयोग एवम् बालि चक्र नअपनाउने जस्ता कारणले माटोमा अम्लीयपना घटबढ हुन गई उर्वराशक्तिमा ह्रास आउने गरेको प्रमुख सिंहको भनाइ छ । माटोमा उर्वराशक्ति कमजोर हुनु चिन्ताको विषय भएको उहाँले बताउनुभयो । उहाँले माटोमा सुधार ल्याउन प्राङ्गारिक मल, कृषि चुन र ढैंचा मलको प्रयोग बढाउन मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतो र उपप्रमुख सुनीतासिंह बुढाथोकीलाई सुझाव दिनुभयो । प्रमुख सिंहले किसान पनि जागरुक बनाउँदै माटोको अवस्था हेरेर एक रोपनीमा ३५ देखि ७० किलोका दरले कृषि चुन प्रयोग गर्न सकिने भन्नुभयो ।

मिथिला नगरपालिका कृषि शाखाका प्राविधिक उमेश महतोले अहिलेको माटोको परीक्षणबाट आएको नतिजाअनुसार अन्नबाली उत्पादनमा कमी आउने बताउनुभयो । किसानले धान, मकै, गुहँलगायत तरकारी बालीको उत्पादनमा बढाउन बिना मापदण्ड युरिया र डिएपीलगायतका मलसँगै कीटनाशक औषधीको प्रयोग गर्नाले माटोको अवस्था बिग्रिएको छ।

परीक्षणपछि आवश्यक मात्रामा मलको प्रयोग गर्दा माटोलाई चाहिने आवश्यक तत्व परिपूर्ति हुनुका साथै माटोको उर्वराशक्ति कमजोर हुनबाट बचाउन सकिने उहाँले जानकारी दिनुभयो ।

# मधेसमा पर्यटनको प्रचूर सम्भावना : एमाले सचिव भट्टराई



**खबर दर्पण समाचारदाता**

**साउन ९ गते, बर्दिवास**

नेकपा एमालेका सचिव योगेश भट्टराईले मधेस प्रदेशमा पर्यटनको प्रचुर सम्भावना रहेको बताएका छन्। मंगलवार महोत्तरीको बर्दिवासस्थित नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम)को निरीक्षण गर्दै यस्तो बताएका हुन्।

‘सांस्कृतिक हिसाबले मधेस एकदमै एडभान्स छ। अन्त नभएका सांस्कृतिक सम्पदाहरू यहाँ छन्,’ पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री समेत रहेका भट्टराईले भने, ‘मधेसलाई जसरी पर्यटनको हिसाबले विकास गर्नुपर्ने थियो। त्यसरी हामी विकास गर्न सक्या छैनौं।’

नाथम कलेजको महत्व स्थानीय जनप्रतिनिधिहरूले पनि गम्भीरताका साथ बुझ्नुपर्नेमा उनले जोड दिए। ‘यहाँ धेरै महत्वपूर्ण कुरा आएको छ। बर्दिवासले यसलाई एउटा उपहारको रुपमा लिर्नुपर्छ,’ भट्टराईले भने। मधेस प्रदेशको टुरिजमको पाटोमा रिसर्च गर्न कलेज प्रशासनलाई उनले सुझाव दिए।

मधेस प्रदेशकै स्तरीय होटलहरुमा पनि दक्ष कर्मचारी अभाव रहेको बताउँदै उनले यहाँ (नाथम)बाट उत्पादन जनशक्तिको भविष्य उज्जवल रहेको उल्लेख गरे। होटेल म्यानेजमेन्टका लागि नाथम कलेज दक्षिण एसियामा मात्र नभई एसियामै उत्कृष्ट रहेको नेता भट्टराईले दाबी गरे।

निरीक्षणको क्रममा नेता भट्टराईसँगै नेकपा एमालेका मधेस प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादव, प्रदेशसभा सदस्य शारदादेवी थापा, एमालेका मधेस प्रदेशका प्रचार विभाग प्रमुख सोमप्रसाद शर्मा, प्रदेश सचिवालय सदस्य शंकर महतोलगायत स्थानीय जनप्रतिनिधिहरु सहभागी थिए।

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम) बर्दिवासका प्रमुख शिवेन्द्र मल्लिकले कलेजलाई थप व्यवस्थित बनाउनका लागि पहलकदमी लिइदिन सबैलाई आग्रह गरेका थिए। नाथम बर्दिवासमा अहिले मधेश प्रदेशका विभिन्न जिल्लाका १७ जना विद्यार्थीहरू अध्ययनरत छन्।

# सामुहिक बलात्कार आरोपमा तीन जना पक्राउ

**खबर दर्पण समाचारदाता**

**साउन ९ गते, सिरहा**



सप्तरीको कंचनरुप नगरपालिका-१२ की एक १७ वर्षीया किशोरीको सामूहिक बलात्कार भएको घट्नाको ८ दिन नवित्दै पुनः सामूहिक बलात्कारको अर्को घट्ना भएको छ ।

पछिल्लो घट्नामा शम्भुनाथ नगर पालिका ५ की तीन सन्तानकी आमा ३५ वर्षीया महिला यौन पिपासुहरुको शिकार बन्न पुगेकी छन् ।

ती महिलालाई शनिबार राति ९:३० बजेतिर सोही वडाका ५ जनाले बलात्कार गरेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहका अनुसार पीडित र आफ्न्तले आइतबार प्रहरीमा उजुरीपछि मात्र सो कुरा बाहिर आएको छ ।

उनले महिलालाई बलात्कार गर्ने मध्येका सोही वडाका २५ वर्षीय शिव कुमार सदा, ४० वर्षीय उमेश सदा र ३२ वर्षीय श्रीनारायण सदा आइतबार नै पक्राउ परिसकेको जानकारी समेत दिएका छन् ।

उनीहरुलाई सोमबार सप्तरी जिल्ला अदालतबाट जवर्जस्ती करणी सम्बन्धी कसुर मुद्दामा म्याद थप गराइ अनुसन्धान थालिएको तथा फरार रहेका २५ वर्षीय फुल कुमार सदा र २३ वर्षीय शिव सदाको खोजी कार्य तीव्र पारिएको डिएसपी सिंहले बताए ।

वडाध्यक्ष जामुन प्रसाद चौधरीका अनुसार पीडित महिला सोही दिन सिरहाको छारापट्टी स्थित माइतबाट घर फर्किदै थिइन । बिरामी बोकेको एम्बुलेन्स चढी माइतबाट हिडेकी उनी राति ९:३० बजेतिर पूर्व पश्चिम राजमार्ग अन्तर्गत घर नजिकैको सडक खण्डमा ओर्लेकी थिइन । त्यहाबाट उनको घर ६ सय मिटरको दूरीमा पर्दछ । पैदलै घरतर्फ जाँदै गर्दा एकान्त स्थलमा देखेर अचानक ५ जनाको समूहले मुख थुनी नजिकै नर्सरीमा लगेर बलात्कार गरेको अनुसन्धानको क्रममा खुलेको प्रहरीको कथन छ । उक्त एम्बुलेन्स चालक पीडित महिला कै भाइ छन् ।

बिरामी बोकेर भाइ एम्बुलेन्स लिएर विराटनगरतर्फ जाँदै गरेको थाहा पाएपछि आफूलाई पनि घरसम्म लगिदिनु भनी भाइलाई भनेको पीडित महिलाले सुनाइन । ‘एम्बुलेन्समा बिरामी बोकेको भाइले घर सम्मै पुऱ्याइ दिन्थे, तर बिरामी भएकाले मैले पनि जिद्दी गरिन र घरबाट केही पर नै ओर्लेर पैदलै हिडे, उनले भनिन ।’ घर जादै गर्दा अचानक उनीहरुले घेरा हालेर समाए र बाटोबाट उठाएर नर्सरी भित्र लगेर बलात्कार गरेको उनले सुनाइन । यो कुरा कसैलाई भने ज्यान मार्ने धम्की समेत दिएको उनले बताइन ।

# करेन्ट लागेर फेरि एक जना किसानको मृत्यु

सप्तरीमा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ ।

सोमबार राति सप्तरीकोराजगढ गाँउपालिका वडा नं.६ जगाई टोल बस्ने ३५ वर्षीय उमेश मण्डलको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

मोटरबाट पानी तानि खेतमा लगाउने क्रममा मण्डललाई करेन्ट लागेको थियो म

मण्डललाई करेन्ट लागेपछि तत्काल उपचारको लागी गजेन्द्र नारायण सिंह अस्पताल राजबिराज सप्तरीमा लगेकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिए ।

यस सम्बन्धमा थप अनुसन्धान भैरहेको प्रहरीले जनाएका छन् ।


## सार्वजनिक हितमा जारी सन्देश

- आ-आफ्नो बालबालिका जन्मेको ३५ दिन भित्र सम्मन्धीत वडा कार्यालयबाट जन्मदर्ता बनाऔं ।
- सार्वजनिक सम्पतीको सबैको साँझा सम्पती र धरोहर हो सबै मिलेर सुरक्षा गरौं । विनास हुनबाट बचाऔं ।
- वर्षायाम सुरु भएकोले घर बाहिर निस्किदा विहान र बेलुका टर्च लाईट र लठ्ठी लिएर मात्र निस्किनुहोस् ।
- जथाभावी रुखविरुवा कटानीले पर्यावरणमा गम्भिर असर परेकोले पुरानो रुख काटेको ठाउँ वरपर कम्तिमा ५ वटा रुख लगाऔं ।
- सार्वजनिक हितको विषयमा आफ्नो आवाज बुलन्द गरौं । भ्रष्टाचार, अनियमितता विरुद्ध खुलेर बोलौं ।

**गणेशमान चारनाथ नगरपालिका**

विरेन्द्रबजार, धनुषा


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा